१६५ औं बैठक

आज मिति २०८३/०५/२४ गते दिउँसो १:३० बजे यसै मेलौली नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री भिम बहादुर चन्दज्यूको अध्यक्षतामा बसी तपसिल बमोजिमको उपस्थितिमा निम्न बमोजिमका प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णयहरु पारीत गरीए ।

तपसिलः

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भिम वहादुर चन्द | नगर प्रमुख | |
| २ | श्री पार्वती बोहरा (विष्ट) | नगर उपप्रमुख | |
| ३ | श्री शरद सिंह नेगी | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री कृष्ण दत्त भट्ट | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री गगन सिंह भाट | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री हर्क बहादुर चन्द | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री भरत सिंह पुजारा | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री तारा दत्त भट्ट | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री राम चन्द्र भट्ट | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री तपेन्द्र सिंह विष्ट | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री लोक राज भट्ट | ९ नं. वडा अध्यक्ष | |
| १२ | श्री नन्दा ओझा (भट्ट) | कार्यपालिका सदस्य | |
| १३ | श्री मानमति कामी | कार्यपालिका सदस्य | |
| १४ | श्री धाना चन्द | कार्यपालिका सदस्य | |
| १५ | श्री पार्वती भट्ट (ओझा) | कार्यपालिका सदस्य | |
| १६ | श्री धाना तिरुवा (वि.क.) | कार्यपालिका सदस्य | |
| १७ | श्री विजय पोखरेल | कार्यपालिका सदस्य | |
| १८ | श्री सुरेश परियार | कार्यपालिका सदस्य | |
| १९ | श्री धरम सिंह दयाल | कार्यपालिका सदस्य | |
| २० | श्री सपना कार्की | नि. प्रमुख प्रशासकीय अधिकृत | |

CamScanner

**प्रस्तावहरुः**

१. शोक श्रद्धाञ्जली सम्बन्धमा ।
२. करार म्याद थप सम्बन्धमा ।
३. वडा र पालिकाको सीमाङ्कन सम्बन्धमा ।
४. एम्बुलेन्स सुविधा सम्बन्धमा ।
५. विपद् राहत सम्बन्धमा ।
६. शिक्षक व्यवस्थापन सम्बन्धमा ।
७. स्वास्थ्यका कर्मचारी व्यवस्थापन सम्बन्धमा ।
८. कार्यविधि अद्यावधिक सम्बन्धमा ।
९. दिवाखाजा कार्यक्रम सञ्चालनको लागि कार्यान्वयन समिति गठन सम्बन्धमा ।
१०. जग्गा प्राप्ति सम्बन्धमा ।

मेलौली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलौली बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

**निर्णयहरु:**

**निर्णय नं. १ शोक श्रद्धाञ्जली सम्बन्धमा ।**

भोटेकोशी नदीमा आएको बाढीका कारण भएको दुःखद् तथा अकल्पनीय घटनामा परी ज्यान गुमाउनु भएका सम्पूर्ण मृतकहरूप्रति यस नगरपालिका गहिरो दुःख एवं हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछ। साथै, यस विपद्का कारण बेपत्ता हुनुभएका व्यक्तिहरूको यथाशीघ्र खोजी तथा उद्धार कार्य प्रभावकारी रूपमा अगाडि बढाउन सम्बन्धित निकायहरूलाई अनुरोध गर्ने र घाइते तथा प्रभावित व्यक्तिहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै आवश्यक राहत, उद्धार तथा उपचारमा सहयोग पुऱ्याउन सम्बन्धित सबै पक्षसँग समन्वय गर्ने निर्णय गरियो ।

यस दुःखद् घडीमा मृतकका परिवारजन तथा आफन्तहरूमा पर्न गएको अपूरणीय क्षतिप्रति गहिरो समवेदना प्रकट गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भन्ने कामना समेत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ करार म्याद थप सम्बन्धमा ।**

प्राथमिक स्वास्थ्य केन्द्र, केशरपुरमा कार्यरत मेडिकल अधिकृत सेवा आवश्यक रहेको हुँदा निजसँग गरिएको करार सम्झौताको अवधि समाप्त हुन लागेकोले छ महिनाका लागि करार म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ वडा र पालिकाको सीमाङ्कन सम्बन्धमा ।**

श्रम, सहकारी तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी परिपत्रबमोजिम मेलौली नगरपालिकाको विद्यमान भूगोल, जनसंख्या, प्रशासनिक पहुँच, सेवा प्रवाह तथा स्थानीय आवश्यकतालाई मध्यनजर गर्दै नगरपालिकाको भौगोलिक क्षेत्र विस्तार तथा प्रशासनिक संरचनालाई थप प्रभावकारी बनाउन आवश्यक देखिएकोले साविक मेलौली नगरपालिकाको भू-भागसँग जोडिएका शिवनाथ गाउँपालिकाका वडा नं. ५ र ६ तथा पञ्चेश्वर गाउँपालिकाका वडा नं. ५ र ६ लाई मेलौली नगरपालिकामा समायोजन गरी मेलौली नगरपालिकामा जम्मा १३ वटा वडा कायम गर्ने प्रस्ताव उपयुक्त देखियो । प्रस्तावित समायोजनबाट नगरपालिकाको आवश्यक न्यूनतम मापदण्ड पूरा हुनुका साथै प्रशासनिक तथा भौगोलिक एकीकरण, सेवा प्रवाहमा सहजता, स्थानीय स्रोत–साधनको प्रभावकारी परिचालन र विकासका अवसरको विस्तार हुने देखिन्छ । साथै, मेलौली नगरपालिका बैतडी जिल्लाको महत्त्वपूर्ण पर्यटकीय क्षेत्रका रूपमा समेत विकासको पर्याप्त सम्भावना बोकेको क्षेत्र भएकाले विस्तारित भू-भागमा रहेका कृषि, शिक्षा, स्वास्थ्य, प्राकृतिक खानी र खनिजजन्य सम्पदा, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय सम्पदाको एकीकृत विकास र प्रवर्द्धन गर्न थप अवसर प्राप्त हुने देखिन्छ । नगरपालिकाको भू-भाग दक्षिणतर्फ सुर्नया नदी तथा उत्तरतर्फ महाकाली नदी साथै महकाली कोरिडोरसँग जोडिँदा भौगोलिक पहुँच, प्राकृतिक स्रोतको उपयोग, पर्यटन विकास तथा स्थानीय आर्थिक गतिविधि विस्तारका साथै यस क्षेत्रका जनताहरुको जीवनस्तरमा सकारात्मक परिवर्तन भई आन्तरिक आयका स्रोतहरु वृद्धि गर्दै क्रमशः आत्मनिर्भर नगरपालिका बन्ने सम्भावना मजबुत देखिएकोले माथि उल्लेखित शिवनाथ गाउँपालिकाका वडा नं. ५ र ६ तथा पञ्चेश्वर गाउँपालिकाका वडा नं. ५ र ६ लाई मेलौली नगरपालिकामा समायोजन गरी जम्मा १३ वटा वडा कायम गर्ने सम्बन्धमा आवश्यक प्रक्रिया अगाडि बढाई श्रम, सहकारी तथा सामान्य प्रशासन मन्त्रालयसमक्ष सिफारिस गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. ४ एम्बुलेन्स सुविधा सम्बन्धमा ।**

यस मेलौली नगरपालिकामा रहेको एम्बुलेन्स सेवा सम्बन्धमा नगरबासीको समस्यालाई मध्यनजर गर्दै साविकको एम्बुलेन्स सेवा शुल्क घटाइ रु ७५००/- (अक्षरेपी रु सात हजार पाँच सय मात्र) कार्यम गर्ने र सुत्केरी ब्यथा लागी नगरपालिकाभित्रका स्वास्थ्य संस्थाबाट डडेल्धुरा अस्पतालमा रिफर भएका महिलालाई एम्बुलेन्स सेवा फ्री गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ५ विपद् राहत सम्बन्धमा ।**

भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित तथा पीडित नागरिकहरूको उद्धार, राहत तथा पुनःस्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु. ३,००,०००।- (अक्षरेपी तीन लाख रुपैयाँ मात्र) सहयोग रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६ शिक्षक व्यवस्थापन सम्बन्धमा ।**

मेलौली नगरपालिका अन्तर्गत पुल दरबन्दीमा रहेका शिक्षकहरु व्यवस्थापन गर्नका लागि विद्यालयको स्थलगत निरीक्षण गरी विद्यालयको शिक्षक/ विद्यार्थी अनुपात र विद्यालयको शिक्षक दरबन्दीको आवश्यक्ताका आधारमा पदस्थापन गर्ने प्रयोजनार्थ मिति २०८३ साउन २८ गते मेलौली नगरपालिका वडा नं. ८ का वडा अध्यक्ष श्री तपेन्द्र सिंह विष्टको संयोजकत्वमा गठित ३ सदस्यीय समितिको प्रतिवेदन उपलब्ध भएपछि छलफल गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ७ स्वास्थ्यका कर्मचारी व्यवस्थापन सम्बन्धमा ।**

यस मेलौली नगरपालिका नगर कार्यपालिकाको मिति २०८३ साउन २८ गतेको निर्णयलाई हाललाई कार्यान्वयन नगर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ८ कार्यविधि अद्यावधिक सम्बन्धमा ।**

मेलौली नगरपालिकाको "नागरिक संलग्नता तथा सार्वजनिक जवादेहिता अभिवृद्धि कार्यविधि, २०८३" लाई अद्यावधिक सहित स्वीकृत गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ९ दिवाखाजा कार्यक्रम सञ्चालनको लागि कार्यान्वयन समिति गठन सम्बन्धमा ।**

यस मेलौली नगरपालिकामा संचालित दिवाखाजा कार्यक्रम संचालनका लागि कार्यान्वयन समिति तपसिल बमोजिम गठन गर्ने निर्णय पारित गरियो ।

**तपसिलः**

| | | |
|---|---|---|
| १. | श्री पार्वती बोहरा विष्टः | अध्यक्ष |
| २. | श्री लोक राज भट्टः | सदस्य |
| ३. | श्री गीता दयालः | सदस्य |
| ४. | श्री हरि प्रशाद शर्माः | सदस्य |
| ५. | श्री चन्द्रकान्त जोशीः | सदस्य |
| ६. | श्री इन्द्रा लुहारः | सदस्य |
| ७. | श्री भोज बहादुर चन्दः | सदस्य |
| ८. | श्री अनिल प्रसाद पन्तः | सदस्य |
| ९. | श्री लक्ष्मी भट्टः | सदस्य |
| १०. | श्री मनु कुमारी क्षेत्रीः | सदस्य सचिव |

**निर्णय नं. १० जग्गा प्राप्ति सम्बन्धमा ।**

सरकारी जग्गा उपयोग सम्बन्धमा भूमी ब्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय. सिंहदरबार, काठमाण्डौं स्थानीय तह समन्वय शाखाको मित २०८३।०३।०८ च नं. ५११ को प्राप्त पत्रानुसार कुनै सरकारी निकायको नाममा दर्ता रहेको जग्गा उपयोग गर्नुपर्ने भएमा मालपोत नबौं संसोधन नियमावली, २०८३ को नियम २३ झ २ मा सरकारी जग्गा उपयोग गर्न दिन सकिने ब्यवस्था रहेको सो को उपनियम २ मा नेपाल सरकारको नाममा दर्ता कायम रहेको सरकारी जग्गा उपयोग गर्नुपरेमा सोही नियमको उपनियम ३ र ४ बमोजिम हुने ब्यवस्था गरीएको हुँदा यस मेलौली नगरपालिकाको वडा नं, ९ मा संचालनमा रहेको विशालपुर सामुदायिक सिकाइ केन्द्रको कार्यालय भवन निर्माण प्रयोजनका लागि वडा कार्यसिमितको निर्णय र स्थानीय वासिन्दाहरुको सहमति सहित सामुदायिक सिकाइ केन्द्र संचालनका लागी संरक्षित गरी प्रयोगमा ल्याईएको साविक विशालपुर गा.वि.स. वडा नं. ८ मा रहेको कित्ता नं. ६४७ प्रति सरकारी जग्गाको उत्तर पश्चिमको मोहडाबाट १४४ वर्ग मि. जग्गा विशालपुर सामुदायिक सिकाइ केन्द्रको उपयोगका लागि उपलब्ध गराइदिन सोही नियमको २, ३ र ४ ग अनुसार स्थानीय तह अन्तर्गत प्रयोगका लागी स्थानीय तहबाट जग्गा प्राप्ति सम्बन्धि निर्णय गर्नुपर्ने ब्यवस्था भएबमोजीम यस पालिकाका तर्फबाट उक्त जग्गा प्राप्तिका लागि बैतडी जिल्ला स्थित भूमि प्रशासन कार्यालयबाट अनुमति माग गर्ने निर्णय गरीयो ।

CamScanner